# क्रसर उद्योगको अनुमति,दर्ता तथा नियमन सम्वन्धी प्रक्रिया तथा मापदण्ड, २०८०

स्वीकृत मितिः २०८०/०५/०८

## १. क्रसर उद्योगको अनुमतिको लागि निवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजात

क) रीतपूर्वकको निवेदन,

ख) परियोजनाको विवरण,

ग) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा विदेशी नागरिक भए राहदानीको प्रतिलिपी,

घ) निवेदक फर्म वा कम्पनी भएमा फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

ङ) प्रतिनिधि नियुक्त गरेको भए अख्तियारीपत्र र अख्तियारवालाको परिचय खुल्ने कागजात,

च) साझेदारीमा उद्योग स्थापना गर्न चाहेको भए साझेदारवीच भएको सम्झौता,

छ) निवेदक कम्पनी भएमाः

i. कम्पनी दर्ता प्रमाणपत्र,

ii. स्वीकृत प्रवन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

iii. संचालक समितिको निर्णय,

iv. अद्यावधिक शेयर लगत,

v. अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्र,

ज) उद्योग स्थापना गर्ने क्षेत्रको गाउँपालिका वा नगरपालिकाको सिफारिश,

झ) उद्योग रहने स्थानको टोपो सिट तथा कित्ता नापीनक्सामा अक्षांश देशान्तर खुलेको Co-ordinates सहितको कम्पाईल नक्सा,

ञ) दफा ३ मा उल्लेख भएको दुरी प्रमाणित गर्ने निकायवाट उद्योग दर्ता सम्वन्धमा प्रचलित ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्डमा उल्लेख भएको क्रसर उद्योग संचालनका लागि तोकिएको दुरी सम्वन्धी मापदण्ड वमोजिमको दुरी खुल्ने प्रमाणित कागजात,

ट) उद्योग रहने स्थलको जग्गाधनी प्रमाण पुर्जा/ लिज लिएको भए सम्झौताको प्रति,

ठ) प्राविधिक समितिको स्थलगत निरिक्षण प्रतिवेदन ।

## २. क्रसर उद्योगको दर्ताको लागि निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजात

क) उद्योग दर्ता निवेदन फाराम,

ख) अनुमति पत्र,

ग) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,

घ) हाल अनुमति प्राप्त गरिसकेका उद्योगको हकमा दुरी सम्वन्धी मापदण्डको अनुगमन प्रतिवेदन,

ङ) दफा ४ मा उल्लिखित कागजात,

च) क्रसर उद्योगले उद्योग संचालनमा आएपछि उद्योग विभागमा उद्योग संचालनमा आएको जानकारी गराउनुपर्ने । उद्योग विभागले क्रसर उद्योग संचालनमा आए पछि समय समयमा अनुगमन गरी प्रतिवेदन प्राप्त गर्ने ।

३. क्रसर उद्योगको लागि दुरी सम्बन्धी मापदण्डः

नेपाल सरकारद्वारा जारी गरिएको प्रचलित ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्डमा उल्लेख भएको क्रसर उद्योग सञ्चालनका लागि तोकिएको दुरी सम्वन्धी मापदण्ड पालना गर्नु पर्नेछ । उक्त दुरी सम्वन्धी मापदण्ड निम्नानुसारको निकायवाट प्रमाणित गरी पेश गर्नुपर्नेछ र सोही प्रमाणित कागजातका आधारमा उद्योग विभागले अन्य प्रक्रिया शुरु गर्नुपर्नेछ ।

| क्र.सं. | विवरण | दुरी प्रमाणित गर्ने निकाय |
|---|---|---|
| १. | राजमार्गको राइट अफ वेवाट | सम्वन्धित प्रदेश सडक डिभिजन कार्यालय |
| २. | खोला वा नदी किनारवाट | सम्वन्धित स्थानीय तह |
| ३. | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्त्विक महत्त्वका स्थान तथा सुरक्षा निकायवाट | सम्वन्धित स्थानीय तह |
| ४. | पक्की पुलवाट | सम्वन्धित स्थानीय तह |
| ५. | अन्तर्राष्ट्रिय सिमावाट | सम्वन्धित स्थानीय तह |
| ६. | वन, निकुन्ज तथा आरक्षवाट | सम्वन्धित प्रदेश वन डिभिजन कार्यालय वा राष्ट्रिय निकुन्जको कार्यालय |
| ७. | घनावस्तीवाट | सम्वन्धित स्थानीय तह |
| ८. | हाईटेन्सन लाइनवाट | सम्वन्धित विद्युत प्राधिकरण कार्यालय |
| ९. | ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीवाट | सम्वन्धित स्थानीय तह |
| १०. | चुरे पहाडको फेदीवाट | सम्वन्धित प्रदेश वन डिभिजन कार्यालय वा राष्ट्रपति चुरे मधेश संरक्षण समिति वा राष्ट्रिय निकुन्जको कार्यालय |

४. जग्गा सम्बन्धीः

क) उद्योगको स्वामित्वमा रहेको कम्तीमा ४० रोपनी (२०३५० वर्गमिटर) जग्गा,

ख) उद्योगको आफ्नै स्वामित्वमा जग्गा नभएमा लिजमा लिएको भए कम्तिमा ५(पाँच) वर्षको सम्झौता ।

५. उद्योग अनुमति तथा वातावरणीय अध्ययन प्रक्रिया

क) उद्योगको अनुमतिका लागि माथि दफा १ मा उल्लिखित कागजात पेश गर्ने ।

ख) विभागले कागजात रुजु गरी औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड समक्ष प्रस्ताव पेश गर्ने ।

ग) औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डवाट स्वीकृत भए पश्चात् वातावरण संरक्षण ऐन तथा वातावरण संरक्षण नियमावली वमोजिम सम्वन्धित निकायवाट वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई पेश गर्ने ।

घ) प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को हकमा उद्योगको अनुमति प्राप्त भए पश्चात क्रसर उद्योगले ४५ दिन भित्र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) संग सम्वन्धित कार्यसूची (TOR) तयार गरी स्वीकृतिको लागि उद्योग विभाग समक्ष पेश गर्नपर्नेछ। उद्योग विभागले वातावरण संरक्षण नियमावली वमोजिम त्यस्तो कार्यसूची (TOR) पन्ध्र दिन भित्र निर्णय गर्नुपर्नेछ।

ङ) क्रसर उद्योगले कार्यसूची स्वीकृत भएको दश महिना भित्र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन उद्योग विभाग समक्ष पेश गर्नु पर्नेछ। उद्योग विभागले वातावरण संरक्षण नियमावली वमोजिम त्यस्तो प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन सम्वन्धमा पन्ध्र दिन भित्र आवश्यक निर्णय गर्नुपर्नेछ।

प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृतको लागि दिन गणना गर्दा कुनै विषयमा थप स्पष्ट गर्न लेखि पठाएको वा थप कागजात माग गरेकोमा माग वमोजिमको विषयमा स्पष्ट भई आएको वा थप कागजात प्राप्त भएको मितिवाट गणना गर्नुपर्नेछ । उद्योग विभागले दर्ता अनुमतिको म्यादभित्र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) स्वीकृत सम्वन्धी निर्णय गर्नुपर्नेछ।

च) दुरी सम्वन्धमा स्थलगत अनुगमन भएको प्राविधिक समितिको प्रतिवेदन।

छ) क्रसर उद्योगले माथि (घ) र (ङ) मा उल्लिखित समय भित्र कार्यसूची तथा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन पेश नगरेमा क्रसर उद्योगको अनुमति स्वतः खारेज हुनेछ।

ज) उद्योगले विभाग समक्ष पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको अध्ययन गरी सिफारिस गर्न देहाय वमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन मुल्यांकन समितिले गर्नुपर्नेछ।

| | |
|---|---|
| निर्देशक (प्रा.), प्रविधि तथा वातावरण शाखा, उद्योग विभाग | -संयोजक |
| निर्देशक, अनुमति तथा दर्ता शाखा, उद्योग विभाग | -सदस्य |
| उप-सचिव (कानून), कानून शाखा, उद्योग विभाग | -सदस्य |
| प्रतिनिधि (प्राविधिक), उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | -सदस्य |
| प्रतिनिधि (प्राविधिक), वन तथा वातावरण मन्त्रालय | -सदस्य |
| प्रतिनिधि (प्राविधिक),खानी तथा भूगर्भ विभाग | -सदस्य |
| प्रतिनिधि, प्रस्तावसँग सम्वन्धित सरोकारवाला निकाय(आवश्यकता अनुसार) | -सदस्य |
| प्राविधिक, विषयगत विज्ञ (आवश्यकता अनुसार) | -सदस्य |
| मेकानिकल इन्जिनियर, प्रविधि तथा वातावरण शाखा, उद्योग विभाग | -सदस्य सचिव |

झ) दुरी सम्वन्धी मापदण्ड पुगे नपुगेको सम्वन्धमा (IEE) पुनरावलोकन समितिले निर्णय गरी सम्वन्धित स्थानीय निकायको प्रतिनिधि रहनेगरी समिति वा समितिको सदस्य मध्येवाट स्थलगत अध्ययन गरी प्रतिवेदन प्राप्त गर्ने ।